# *प्रेतकल्प* उपन्यासमा शाब्दिक साहचर्यको उपयोग

# The Use of Literal Association in the Novel *Pretakalpa*

**राजेन्द्र खनाल**[१]

[१]**उपप्राध्यापक**

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, नेपाल

**Email:**

rajendra.khanal@cded.tu.edu.np

प्रकाशन : २०७९, मङ्सिर

Published: 2022 December

Doi: https://doi.org/10.3126/bns.v26i1.61446

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)

https://creativecommons.org/licenses/by/4.0

© 2022 by the author

**Journal**

**विकासको निम्ति शिक्षा**

**Bikashko Nimti Shiksha**

**ISSN:** 2616-0188 (Print)

3021-954X (Online)

**website:**

https://www.nepjol.info/index.php/bns

**Published By**

Research Centre for Educational Innovation and Development (CERID)

http://www.cerid.tu.edu.np

## लेखसार

प्रस्तुत लेखको मुख्य उद्देश्य *प्रेतकल्प* उपन्यासमा प्रयुक्त क्रिया पदावलीको साहचर्यात्मक दृष्टिले विश्लेषण गर्नु हो। यस लेखमा साहचर्यात्मक सिद्धान्तको परिचय दिई यसका विविध आयामसहित क्रिया पदावलीका संरचनागत स्वरूपको उदाहरणसहित व्याख्या गर्दै विश्लेष्य उपन्यासमा रहेका क्रिया पदावलीको उदाहरणसहित विश्लेषण गरिएको छ। पुस्तकालयीय अध्ययन कार्यबाट तथ्य सङ्कलन गरी *प्रेतकल्प* उपन्यासलाई प्राथमिक स्रोत तथा साहचर्यात्मक सिद्धान्तसँग सम्बद्ध विभिन्न सैद्धान्तिक ग्रन्थलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको यस लेखमा आलोचनात्मक व्याख्या विधिको उपयोग गरिएको छ। खास शब्द अर्को खास शब्दसँग सन्दर्भअनुसार विन्यासक्रमिक रूपमा साहचर्य बनी संयोजित ढाँचामा उपस्थित भई अर्थ प्रकट हुने भाषिक संरचना नै साहचर्य मानिएकाले विश्लेष्य उपन्यासमा यस्ता साहचर्यपूर्ण पदावलीको आधिक्य रहेको देखिन्छ। अध्ययनबाट क्रियासँग सम्बन्धित साहचर्यात्मक पदावलीहरूमा नाम + क्रियाको सहछनोटबाट बनेका पदावलीको आधिक्य रहेको तथ्य प्राप्त भएको छ। यस्ता पदावलीहरू प्रायः सामान्य प्रयोग प्रचलनमा आधारित एवम् सरल र सार्थक छन्। नाम + क्रिया, विशेषण + क्रिया एवम् क्रियाविशेषण + क्रियासँग सहप्रयोगमा आएका साहचर्यात्मक पदावलीहरूले प्रस्तुत उपन्यासको भाषिक पक्ष स्वाभाविक, सशक्त र सार्थक बनाएका छन्। शब्द शब्दका बिच हुने साहचर्यात्मक प्रयोगसँग सम्बद्ध भाषिक संरचना पहिल्याउन, अर्थ प्रकटनमा त्यस्ता सहप्रयोगको स्थिति पहिचान एवम् विश्लेषणका लागि शैक्षणिक सन्दर्भमा उपयोग गर्न सकिन्छ। त्यस्तै, सन्दर्भ र प्रकार्यअनुसारका हुने शब्दका आर्थी भूमिकाको विश्लेषणका लागि पनि यस अध्ययनको उपादेयता देखिन्छ।

***शब्दकुञ्जी*** : क्रिया पदावली, विन्यासक्रमिक, सन्निधान, साहचर्यात्मक, साहचर्यात्मक सम्बन्ध

**How to cite this article (APA)**

**English :** Khanal, R. (2022). The Use of literal association in the novel *Pretakalpa. Bikashko Nimti, Shiksha. 26*(1), 47-56. https://doi.org/10.3126/bns.v26i1.61446

**नेपाली :** खनाल, राजेन्द्र (२०७९), *प्रेतकल्प* उपन्यासमा शाब्दिक साहचर्यको उपयोग, *विकासको निम्ति शिक्षा,* २६(१), ४७-५६ । https://doi.org/10.3126/bns.v26i1.61446

**Abstract**

The main purpose of the article is to analyze the verb phrases used in the novel 'Pretakalpa' from an associative point of view. In this article, the structural form of verb phrases has been analyzed with examples by introducing the associative theory and its various dimensions. In this article, the critical interpretation method has been used by collecting facts from library studies and taking the novel 'Pretakalpa' as the primary source and various theoretical texts related to social theory as secondary source materials. It seems that there is an excess of such associative vocabulary to the analyzed novel because the linguistic structure in which a special word is present in combined patterns, and the meaning is revealed, hence it is considered as an association, according to the context. From the study, it has been found that there is an excess of vocabulary made from noun + verb combination in the associative vocabulary related to verbs. Such phrases are mostly based on common usage and are simple and meaningful. The associative phrases used together with noun + verb, adjective + verb and adverb + verb patterns have made the linguistic aspect of the present novel natural, strong and meaningful. It can be used in the educational context to find the linguistic structure associated with the associative use between words, to identify and analyze the position of such uses in the expression of meaning. Similarly, the usefulness of this study is also seen for the analysis of the semantic role of words according to the context and function.

***Keywords:*** verb phrases, configurative, conjunctive, associative, associative relationship.

**परिचय**

साहचर्यात्मक सिद्धान्त आधुनिक भाषाविज्ञानको क्षेत्रमा विकसित अर्थविज्ञान अन्तर्गत पर्ने सिद्धान्त हो । यसलाई सन्निधान सिद्धान्तका रूपमा पनि अर्थ्याइन्छ । भाषामा शब्दहरूले एकथरी शब्दसँग आउने र अर्का थरीसँग आउन नसक्ने प्रवृत्ति देखाउने स्थिति नै साहचर्यात्मक स्थिति हो (यादव र रेग्मी, २०५९, पृ.२७४) । यसले शब्दार्थको अध्ययन वाक्यविन्यासात्मक सम्बन्धका आधारमा गर्दछ तर वाक्यका घटकका रूपमा नभएर कोशीय एकाइका रूपमा शब्दलाई हेर्छ । यसले भाषाका कुनै शब्दको अर्को खास शब्दसँगको सम्बन्ध वा साहचर्यलाई जनाउँछ । 'रात' का अघि 'उज्यालो' दिनका अघि 'जुनेली' विशेषण आउन सक्दैनन् त्यस्तै 'बाउछोरा' पनि 'पिताछोरा' हुन सक्दैनन् । यसरी क्रमशः रात, दिन, छोरासँग क्रमश जुनेली, उज्यालो र बाउको सान्निध्य छ । शब्दहरू कुनै खास खास शब्दहरू आपसी साहचर्यात्मक सम्बन्धका विश्लेषण गर्नु साहचर्यात्मक सिद्धान्तको मूल मान्यता हो ।

खास खास शब्दहरूसँग सहप्रयोगमा आउन सक्ने पदावलीहरूको प्रयोगले स्वाभाविक एवम् सार्थक अभिव्यक्तिका लागि सघाउ पुऱ्याउँछ । सन्निधानात्मक पदावलीको उपयुक्त प्रयोगद्वारा नै अनेकार्थी शब्दहरूको अर्थनिर्धारण तथा उपयुक्त पर्यायवाची शब्दहरूको छनोट गर्न सहयोग पुऱ्याउँछ । त्यसैगरी कुनै खास भाषाका सन्दर्भमा खास शब्दको छनोट गरी स्वाभाविक र अर्थपूर्ण अभिव्यक्ति दिनका लागि पनि सन्निधानात्मक पदावलीको कुशल प्रयोक्ता निर्माणका लागि

सन्निधानात्मक पदावलीहरूको अध्ययन अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। यसले भाषिक प्रयोगमा सहजता प्रदान गर्नाका साथै अभिव्यक्तिलाई सान्दर्भिक र अर्थपूर्ण बनाउन मद्दत गर्छ। नेपाली भाषामा जस्तै अङ्ग्रेजीमा पनि यस्ता उदाहरण पाउन सकिन्छ। अङ्ग्रेजी शब्द प्रिटी (Preety) र ह्यान्डसम (Handsome) दुवै शब्दको अर्थ राम्रो भए तापनि यिनीहरूको प्रयोग क्षेत्र फरक छ। प्रिटी गर्ल (Preety girl) हुन्छ भने ह्यान्डसम गर्ल (Handsome girl) हुन सक्दैन। यसर्थ सामान्य अर्थमा पर्यायवाचीझैं लाग्ने तर अर्को शब्दसँगको प्रयोगमा निर्भर भएर अर्थ दिने हुँदा यस्ता सहप्रयोगमा आउन सक्ने र नसक्ने शब्दहरूको छनोटमा सचेत हुन पनि सन्निधानात्मक अध्ययनको महत्त्व रहने गर्दछ। खास शब्दहरूको सन्निधानात्मक विस्तार क्षेत्र वा विस्तरणबारे जानकारी लिन शब्दहरूको सहप्रयोगको कुरा महत्त्वपूर्ण देखिन्छ। भाषाको सामान्य तथा विशिष्ट रूपमा प्रयोगकर्ताहरुको निम्ति यसले ज्ञान वृद्धि गर्न सहयोग गर्दछ। भाषाका विभिन्न वक्ताहरूलाई सहप्रयोग र छनोटमा सचेत हुनका साथै वैकल्पिक अभिव्यक्ति दिन र शब्दभण्डार क्षमता बढाउन समेत यसले सहयोग पुऱ्याउँछ। भाषाका विशिष्ट क्षेत्रसँग सम्बन्धित ज्ञानका लागि समेत सन्निधानात्मक पदावलीहरू महत्त्वपूर्ण हुन्छन्। भाषा शिक्षण, अनुवादजस्ता महत्त्वपूर्ण सिकाइमा यसले मद्दत पुऱ्याएको हुन्छ। साथै वक्तालाई शब्दभण्डार क्षमताको वृद्धि तथा विकासमा पनि यसले सहयोग पुऱ्याएको पाइन्छ।

नारायण ढकालद्वारा लिखित *प्रेतकल्प* उपन्यास साझा प्रकाशनबाट प्रकाशित साझा पुरस्कार प्राप्त कृति हो। उक्त उपन्यास मूलतः नवइतिहासवादी मान्यतामा रचना गरिएको प्रभावशाली र चर्चित उत्तरआधुनिक उपन्यास हो। उक्त उपन्यास प्रयोगका दृष्टिले सान्दर्भिक भाषिक युक्ति सार्थक बनेको छ। अनेक किसिमका भाषिक पक्षहरू समेटिएको *प्रेतकल्प* उपन्यासमा रहेका क्रिया पदावलीको साहचर्यात्मक दृष्टिले विश्लेषण उपयुक्त र सान्दर्भिक ठानी प्रस्तुत अध्ययन गरिएको छ। सन्निधानको परिचय दिई *प्रेतकल्प* उपन्यासमा रहेका क्रिया पदावलीको साहचर्यात्मक विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो।

## सन्निधानको सैद्धान्तिक पृष्ठभूमि र विकास

सन्निधान शब्दको प्रयोगारम्भ कसले कसरी गऱ्यो भन्ने बारेमा स्पष्ट धारणा नपाइए तापनि *अक्सफोर्ड अङ्ग्रेजी शब्दकोश*को दोस्रो संस्करणमा सन् १९५० मा भाषाका सन्दर्भमा ह्यारिसले सन्निधान शब्दको प्रयोग गरेका हुन् भनी उल्लेख गरिएको छ। उनले अङ्ग्रेजी शब्द कोलिगेसन (Colligation) ले दिने अर्थका सम्बन्धमा कोलोकेसन (Collocation) शब्दको सोदाहरण व्याख्या गरेका छन्। यहाँ सन्निधान शब्दको प्रयोग शब्दहरूको व्याकरणिक सम्बन्ध दर्साउन गरिएको छ। आजको सन्दर्भमा भने शब्दको प्रयोग व्याकरणिक सन्दर्भमा मात्र नभएर खास कोशीय एकाइसँग सहप्रयोगमा आउन सक्ने शब्दहरूको विन्यासक्रमिक सन्दर्भमा लिने गरिएको छ। त्यस्तै सन्निधानको सम्बन्धमा *अक्सफोर्ड अङ्ग्रेजी शब्दकोश*को दोस्रो संस्करणमा सन् १९४० मा जी. एल्. ट्यागरले गरेको चर्चाको पनि उल्लेख गरिएको छ। ट्यागरले सन्निधानलाई कोशीय एकाइसँग मात्र नभई कोशीय एकाइको अर्थगत र वाक्यगत संयोजनात्मक विशेषताका रूपमा अर्थ्याएका छन् र उनको धारणा यसैसँग विशेष रूपले आबद्ध रहेको देखिन्छ। त्यसैगरी पामरको सन् १९३८ मा प्रकाशित *अङ्ग्रेजी शब्दहरूको व्याकरण* नामक पुस्तकमा शब्दहरूको सिलसिलाका रूपमा सन्निधानलाई अर्थ्याउँदै शब्दहरूको अनुक्रमिकताको बारेमा समेत थप चर्चा गरेको पाइन्छ।

भाषिक तत्त्वहरूको बारेमा विभिन्न विद्वान्हरूले सन्निधान शब्दको प्रयोग गरे तापनि अर्थसम्बन्धी सिद्धान्तका केन्द्रमा राखेर साहचर्यसम्बन्धी अवधारणाको विधिवत् रूपमा चर्चा परिचर्चा गर्ने प्रथम भाषाशास्त्री जे. आर. फर्थ (१८९० - १९६०) नै हुन्। उनलाई सन्निधान सिद्धान्तका प्रतिपादक मानिन्छ। भाषावैज्ञानिक सिद्धान्तमा अर्थसम्बन्धी सैद्धान्तिक नमुनाको स्थापना फर्थबाट नै भएको हो। उनी अर्थको सन्दर्भगत कार्य र भाषाको संस्कृतिमा रहेको भूमिकाका सम्बन्धमा प्रसिद्ध मानवशास्त्री बोनिस्लाम मेलिनोभ्स्कीको मान्यताबाट प्रभावित भएको पाइन्छ। उनी भाषाको सामाजिक पक्षलाई अत्यन्तै महत्त्वपूर्ण ठान्छन् र भाषाविज्ञानलाई सामाजिक विज्ञानका रूपमा हेर्छन्। उनी सामाजिक मान्छेका भाषिक क्रियाकलापलाई सामाजिक सन्दर्भमा हेर्नुपर्ने कुरा गर्छन्। यसै सन्दर्भमा उनको स्थितिको प्रसङ्ग सिद्धान्त आएको हो। उनी भाषिक अर्थ प्रसङ्गद्वारा मात्र निश्चित हुने कुरो अघि सार्दछन्। उनले खास शब्दले अर्को खास शब्दको सन्निकटमा आएर अर्थको निर्धारण गर्न सकिने कुरा उल्लेख गरेका छन्। यसरी उनले मुख्यतः विन्यासक्रमिक सम्बन्धलाई महत्त्व दिएकै आधारमा पछिल्ला दिनहरूमा भाषावैज्ञानिकहरूले विश्वका विभिन्न भाषाहरूमा सन्निधानात्मक अध्ययन गर्ने चासो देखाउँदै आएको पाइन्छ र उनकै सिद्धान्तलाई आधार मान्दै नेपाली भाषामा पनि सन्निधानात्मक सिद्धान्तको विकास र विस्तार हुँदै गएको देखिन्छ।

### साहचर्यात्मक सिद्धान्त र सहप्रयोगमा आएका पदावली

सहप्रयोगमा आएका शब्दद्वारा बनेको कुनै खास शब्दको आफ्नो परिवेश नै साहचर्यात्मक अर्थ हो। शब्दशृङ्खलामा प्रयुक्त शब्दको खास सन्दर्भ र स्थान हुने गर्दछ। प्रत्येक भाषामा शब्दहरूको आफ्नै किसिमको प्रयोग र नियम रहेको हुन्छ। शब्दहरूमा निहित खास कोशीय अभिलक्षण र सहप्रयोगको अभ्यासबाट निर्धारित गरिएको हुन्छ। कुनै शब्द खास शब्दसँग किन आउँछ र अर्को शब्द सोही ठाउँमा किन प्रयोगमा आउन सक्दैन भन्ने कुराको धारणात्मक आधार नभएर प्रयोगात्मक आधार रहेको पाइन्छ। सन्निधान एउटा भाषिक एकाइ अर्को भाषिक एकाइको सन्दर्भसँग सम्बन्धित रहेको हुन्छ।

साहचर्यात्मक पदावलीहरू खास भाषिक परम्पराका रूपमा स्थापित भएका हुन्छन्। यस्ता पदावलीहरू विशेषतः बारम्बार निश्चित सन्दर्भ र स्थानमा मात्र प्रयुक्त हुने गरी मानसपटलमा भण्डारण भएका हुन्छन्। त्यसैले अर्थगत विशिष्टताका साथ सन्निधानात्मक पदावलीहरू प्रयोगमा आउँछन्। यस्ता शब्दहरू भाषिक प्रयोगमा सहज रूपमा आउने भएकाले तिनलाई तलको उदाहरणमा हेर्न सकिन्छ :

| | | |
|---|---|---|
| **उदाहरण १** | रात | जुनेली/अँधेरी |
| | आँखा | तर्नु/हेर्नु |
| | साँझ | गोधुली/मिर्मिरे |


उपर्युक्त उदाहरणमा रातलाई जनाउन जुनेली र अँधेरी उपयुक्त देखिन्छन्। त्यस्तै आँखासँग सम्बद्ध तर्नु र हेर्नु, साँझलाई जनाउन गोधुली र मिर्मिरे उपयुक्त देखिन्छन् तर रातमा क्रमशः आएका गोधुली, मिर्मिरे, तर्नु, हेर्नु, जुनेली, अँधेरी शब्दहरू एकअर्कामा प्रतिस्थापनीय रूपमा प्रयोगमा आउन सक्दैनन्। यदि ती शब्दहरू आइहाले पनि निरर्थक र अप्रभावकारी हुन्छन्। अतः निश्चित अर्थसम्प्रेषणका लागि निश्चित शब्दहरू उपयोग हुनु नै साहचर्य हो।

शब्दहरू आफ्नो खास सन्दर्भ र स्थानमा मात्र अर्थपूर्ण र स्वाभाविक हुन्छन् । यसलाई निम्न उदाहरणमा स्पष्ट पार्न सकिन्छ :

| | | |
|---|---|---|
| **उदाहरण २** | छिपछिपे | हिलो/कुरा |
| | मोहक | धुन/सङ्गीत |
| | सुरिलो | स्वर/आवाज |
| | आँसु | धारा/थोपा |


उल्लिखित उदाहरणमा छिपछिपे, मोहक, सुरिलो, आँसु शब्दसँग अन्य शब्दहरूको साहचर्यात्मक सन्दर्भ देखाइएको छ । यसमा हिलो, धुन, स्वर, धारा शब्दहरू जसरी सुहाएका छन् त्यसरी नै कुरा, सङ्गीत, आवाज, थोपा शब्दहरू नमिल्ने देखिन्छन् । यसबाट के स्पष्ट हुन्छ भने सन्निधान सान्दर्भिक तथा साहचर्यको स्थिति हो । प्रत्येक शब्दहरू सन्दर्भअनुसार फरक फरक रूपमा नयाँ शब्दका साथ प्रयोग भएका हुन्छन् । शब्दको अर्थ पनि फरक तरिकाले व्यक्त भएको हुन्छ । एउटा शब्दमा रहेका विभिन्न अर्थलाई त्यसले लिने साहचर्यात्मक सन्दर्भले जनाउँछ । अनेकार्थ शब्दहरूको अर्थमा यसको महत्त्व छ । जस्तै :

उदाहरण ३




माथिका उदाहरणमा तर, पुतली अनेकार्थी शब्द हुन् । ती शब्दहरूले दिने अर्थ त्यससँग सहप्रयोगमा आउने शब्दबाट निर्धारित हुने गर्छ । तसर्थ माथिको उदाहरणबाट के प्रस्ट हुन्छ भने साहचर्यात्मक अध्ययनबाट कुनै खास शब्द के कस्ता शब्दसँग सहप्रयोगमा आउँछ भन्ने कुराको अध्ययन गर्न सकिन्छ । जस्तै :

**उदाहरण नं. ४**




माथिका उदाहरणमा 'लोभी' विशेषण मान्छे, मन, विचार जस्ता नामका अघिल्तिर आएको छ भने 'लोभ' नाम गर्नु, लाग्नु, पर्नुजस्ता क्रियाका अगाडि आएको छ । यसबाट के स्पष्ट हुन्छ भने सन्निधानात्मक अध्ययनले शब्दहरूको पूर्वापर प्रयोग सम्बन्धको अध्ययन गर्दछ । यसरी सन्निधानात्मक अध्ययनबाट भाषाको सहप्रयोगात्मक विशेषता निर्क्योल गरिन्छ । मूलतः यस्तो

अध्ययन भाषा विशेषसँग सीमित भई वाक्यतात्त्विक तथा अर्थतात्त्विक हिसाबले शब्दहरू बिचको विन्यासक्रमिक सम्बन्धको अध्ययनका लागि उपयुक्त हुने गर्दछ ।

शाब्दिक साहचर्य तथा यस सिद्धान्तका बारेमा फर्थले सन् १९५७ देखि र ह्यालिडेले सन् १९६० देखि लगातार कार्य गरिरहेका हुन् (वेल्स, सन् २००१, पृ.६७) । साहचर्यात्मक सिद्धान्तका प्रणेता फर्थले बारम्बार विन्यासक्रमिक रूपले प्रयोगमा आउने शब्दलाई सन्निधानात्मक शब्दका रूपमा परिभाषित गरेका छन् । उनले एउटा शब्दमा रहेका विभिन्न अर्थलाई त्यसले लिने सन्निधानात्मक शब्दको सन्दर्भले स्पष्ट रूपमा देखाउने कुरा उल्लेख गरेका छन् (फर्थ, १९५७, पृ. १९०) । त्यसैगरी खास शब्दसँग अभ्यासगत सहचर्यमा आउन सक्ने शब्दहरूलाई नै सन्निधानात्मक शब्द मानिन्छ । खास शब्दसँग मात्र अभ्यस्त हुने शब्दले मात्र त्यसको साहचर्यात्मक सम्बन्धमा आउन सक्ने शब्दहरू सन्निधानात्मक शब्द हुन् भन्न सकिन्छ । खास खास शब्दहरू मात्र आपसमा साहचर्यात्मक भई सन्निधानात्मक सम्बन्धलाई स्पष्ट पार्ने काम गर्दछन् । त्यस्तै कुनै खास शब्दको दायाँ वा बाँयातिर कुनै अर्को शब्द विन्यास हुन आउनुलाई सन्निधान भनिएको छ । कुनै खास शब्दसँग प्रयुक्त हुन सक्नु नै सन्निधान हुने र त्यसले सान्दर्भिक र रूपात्मक अर्थको विश्लेषण गर्ने भाषाशास्त्र सन्निधान सिद्धान्त हो भन्न सकिन्छ । त्यस्तै, भाषाका शब्दको प्रयोगमा साहचर्यात्मक सिद्धान्तले कार्य गर्ने र अर्थसम्प्रेषणमा पनि त्यसको भूमिका महत्त्वपूर्ण हुने कुरा स्वीकार गरिएको छ । अझ कुनै खास शब्दको दायाँ वा बाँयातिर अर्को शब्दको विन्यास हुन सक्नु नै सन्निधान हो ।

साहचर्यात्मक भन्नाले खास शब्दको अर्को खास शब्दसँग सन्दर्भअनुसार विन्यासक्रमिक रूपमा साहचर्यात्मक संयोजनले विश्लेषण गरेर निकालिएको उपयुक्त शब्दको अर्थ नै सन्निधान हो । सन्निधान भन्नाले सुहाँउदो वा सन्दर्भ र परिस्थितिअनुरूप मिल्ने शब्दको छनोट गर्नुलाई बुझिन्छ । खास खास शब्दहरू सन्दर्भअनुसार साहचर्यात्मक रूपमा प्रस्तुत हुनु नै सन्निधान हो ।

**नेपाली भाषाका साहचर्यात्मक क्रिया पदावली**

नेपाली भाषाका क्रियाहरूले विभिन्न पदहरूलाई सहप्रयोगमा लिन्छन् । यसरी क्रियासँग विभिन्न पदहरू सहप्रयोगमा आँउदा क्रियासँग सम्बन्धित साहचर्यात्मक पदावलीको निर्माण हुन्छ । जस्तै :

**नाम + क्रिया :** पर्दा/घर/रुख/हटाउने, आँखा/ढोका/टिभी/खोल्नु, बाटो/ढोका/झ्याल/खुल्यो, दाल/भात/तरकारी/पाक्यो

**विशेषण + क्रिया :** दुःखी + हुनु, व्यस्त + हुनु, विरक्त + लाग्नु, मिठो + बोल्नु

**क्रियाविशेषण + क्रिया :** मुसुक्क + हाँस्नु, टुलुटुलु + हेर्नु, सरासर + जानु, थुचुक्क + बस्नु

माथिका देखाइएका नेपाली भाषाका क्रियासँगको साहचर्यमा प्रयुक्त केही नमुना पदावली हुन् । यस्ता पदावलीको प्रयोग दैनिक भाषिक व्यवहारदेखि औपचारिक एवम् अनौपचारिक मौखिक एवम् लिखित अभिव्यक्तिमा भइरहेको हुन्छ । वक्ताले प्रयोग गर्ने प्रत्येक शब्दमा स्वतःस्फूर्त शाब्दिक साहचर्यको नियम लागु हुन्छ ।

## शैक्षणिक सन्दर्भमा साहचर्यात्मक विश्लेषणको उपादेयता

प्रस्तुत लेख अनुसन्धानमूलक ढाँचामा तयार पारिएकाले लेखको संरचना तथा शैलीमा केन्द्रित रही अनुसन्धान गर्न चाहनेका लागि उपयोग हुन सक्छ। लेखकेन्द्रित रहेको सन्निधान सिद्धान्त वा सहप्रयोगको सिद्धान्त भाषाविज्ञान अन्तर्गतको अर्थविज्ञानको एक क्षेत्र भएकाले शब्द तथा वाक्यका घटकहरूको आर्थीसम्बन्ध र व्यवस्थाको अध्ययन गर्ने अध्यताका लागि सैद्धान्तिक चेत विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। भाषा तथा साहित्यमा प्रयोग भएका सबै शब्दको अर्थ शब्दकोशमा पाइँदैन। भाषा सिकाइका सन्दर्भमा खास शब्दको अर्थपहिचानका लागि शिक्षार्थीलाई शब्दको साहचर्यात्मक अर्थसम्बन्धका आधारमा उपयुक्त अर्थपहिचान गर्न सक्छन् र सम्प्रेषण हुन सक्छ। तसर्थ यस लेखबाट सो पक्षमा शिक्षार्थी लाभदायी बन्न सक्छन्। त्यसैगरी द्वयर्थक शब्दको प्रयोग भएका साहित्य तथा पाठबाट सन्दर्भपरक अर्थ पहिल्याउन पनि यसको उपयोग गर्न सकिन्छ। एउटै शब्दले पनि एउटा परिवेश तथा संरचनामा एउटा अर्थ अर्को अवस्थामा अर्कै अर्थ द्योतन गरेको स्थितिमा शिक्षार्थीलाई द्विविधाबाट मुक्त गरी अर्थसम्प्रेषणमा फलदायी बन्न सक्छ।

प्रस्तुत लेख पदावलीको पहिचान एवम् विश्लेषणमा आधारित भएकाले स्नातक एवम् स्नातकोत्तर तहमा अध्ययनरत तथा अध्यापननरत व्यक्तिका लागि शैक्षणिक दृष्टिले उपयोगी हुने देखिन्छ। त्यस्तै, कुनै पनि कृतिभित्र रहेका सहप्रयोगमूलक शब्द तथा पदावलीको पहिचान र विश्लेषण गर्नका लागि पनि सहयोगी बन्न सक्छ। प्रयोगात्मक दृष्टिले सहप्रयोगमूलक शब्द प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्तिलाई सार्थक र प्रभावकारी तरिकाले प्रस्तुत गर्नका लागि आवश्यक सुझ विकासमा सहयोगी बन्ने अपेक्षा गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरी तयार पारिएको छ। लेखमा मुख्यतः आलोचनात्मक व्याख्या विधिलाई उपयोग गरिएको छ। पुस्तकालयीय स्रोतका सामग्रीबाट तथ्य सङ्कलन गरी *प्रेतकल्प* उपन्यासलाई प्राथमिक स्रोत तथा सन्निधान सिद्धान्तसँग सम्बद्ध सैद्धान्तिक ग्रन्थलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरी प्रस्तुत लेख तयार गरिएको छ। विभिन्न सैद्धान्तिक ग्रन्थहरूको अध्ययन गरी सन्निधानात्मक सिद्धान्तका मान्यता तथा सन्दर्भ उल्लेख भएका विविध उदाहरणसमेत प्रस्तुत गरिएको छ। उक्त मान्यता तथा उदाहरणलाई आधार बनाई *प्रेतकल्प* उपन्यासमा प्रयोग गरिएको सन्निधानात्मक क्रियापदावलीहरूको तथ्यपरक विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

## नतिजा र छलफल

### *प्रेतकल्प* उपन्यासका साहचर्यात्मक क्रिया पदावली

*प्रेतकल्प* उपन्यासमा क्रियासँग पूर्वापर सम्बन्ध भएका नमुना साहचर्यात्मक पदावलीहरूको पहिचान गरी तिनको विश्लेषण यस खण्डमा गरिएको छ :

(क) **नाम + क्रिया :** विश्लेष्य उपन्यासमा प्रयोग भएका सहप्रयोगयुक्त विभिन्न पदावलीमध्ये नामसँग सम्बन्धित क्रियाको प्रयोग भएका क्रिया पदावलीको सङ्ख्या प्रशस्तै पाइन्छ। यस्ता पदावलीका केही उदाहरण यसप्रकार छन् : विरोध गऱ्यो, आशा बढायो (पृ.४) डर हट्यो (पृ.५), काम गर्थ्यौं, अनुवाद गर्थे (पृ.७), कोर्रा थाप्थे, अवज्ञा गर्थ्यो, हुल उक्लियो (पृ.८), मानिस थियो

(पृ.९), बिरामी भयो, वस्तुभाउ फुकाए, बन्दी भयो (पृ.११), परदेशी आयो, मुख पुछ्यो (पृ.१२), हात झिक्यो, हातमुख धोयो, गोठमा पसी, दुःख दियो (पृ.१६), आवाज आयो (पृ.१८), डामहरू देखिन्थे, नमस्कार गऱ्यो (पृ.२०), बस्ती थियो, नदी बग्दथ्यो (पृ.२६), डोको नाम्लो बुन्थे (पृ.२८), नाचगान हुन्थ्यो (पृ.२९), खेतबारी चढाउँथे, गाउँमा फैलियो (पृ. ३०), पुस्तक देखायो (पृ.३१), धान पाक्यो (पृ.३७), पाटीबाट निस्क्यो (पृ.३९), सिपाही आए (पृ.४५) , कथा भन्यो (पृ.४८), मित्र थियो (पृ.५६), सिंहदरवार पुग्थे (पृ.५७), सहपाटी थियौं (पृ.५९), सिपाहीहरू थिए, अनुहार हेरें (पृ.६०), ढोका खुल्यो (पृ.६१), प्रचार गरिन्थ्यो (पृ.६८), मानिसहरू लडे (पृ.६९), पानी पर्स्थ्यो (पृ.७०), मुख धोयो (पृ.७१), सिक्का टिपेन (पृ.७२), आँखा खोल्यो (पृ.७३), विश्वास थियो (पृ.७८), गाली खाई (पृ.८३), शिवालय गयो (पृ.८४), प्रवचन सुन्थे (पृ.९०), वर्षा भयो (पृ.९१), असार आयो (पृ.९५), अनुहार बिग्रियो (पृ.९७), हात जोड्यो (पृ.९८) । यी उपपन्यासमा सहप्रयोगको सम्बन्धमा रही आर्थी भूमिका खेलेका प्रमुख पदावली हुन् ।

उपन्यासमा प्रयुक्त यस प्रकृतिका अन्य पदावलीहरू पण्डित चर्कियो (पृ.१०१), पाल टाँगियो (पृ.१०४), भिड थियो, मुखबाट निस्किए (पृ.१०५), मानिस आए (पृ.१०६), माया लाग्यो, कथाहरू झिकें (पृ.१०७), निधन भयो (पृ.११०), पानी परिरह्यो (पृ.१११), छोरो जन्म्यो, स्वर्ग गयो, बाढी आइरहन्थ्यो (पृ.११८), डेरा बस्थे (पृ.११२), जमातमा रहन्थ्यो (पृ.१२५), शङ्का लाग्यो (पृ.१३१), आँसु भरियो, छाप्रो थियो (पृ.१३६), गाँजा खान्थ्यो (पृ.१४२), घाममा आयो (पृ.१४३), सिंहदरवार पुग्यो, बालकहरू भागे, कुलपूजा हुन्थ्यो (पृ.१५१), पूजास्थल थियो, खोलो बग्छ (पृ.१५२), पिटाइ खान्थ्यो (पृ.१५६), खबर आयो (पृ.१५७), रोगले समात्यो (पृ.१६३), आँखा पल्टायो (पृ.१६६), कानमा ठोक्कियो (पृ.१६७), आँगनमा उभियो (पृ.१६८), आँसु खसाल्यो, हैजा फैलियो (पृ.१७०), कागज झिक्यो (पृ.१७८), तोप पड्कियो (पृ.१८०), थपडी मार्दै थिए (पृ. १८२), घर पुग्यो, खाना रुचेन (पृ.१८५), अनुहार हेरेन (पृ.१८७), आँखा रसाए (पृ.१८९), कुकुरहरू ब्युँझिए (पृ.१९१), टचबत्ती बाल्यो (पृ.१९२), लात्ती बजाऱ्यो, घर सम्झ्यो (पृ.१९५), ढोका ढप्कायो (पृ.१९६), आँगनमा पछारियो (पृ.१९८), चराहरू कराए (पृ.१९९), खुट्टा टेक्यो (पृ.२०१), गहुँ पाक्यो (पृ.२०४), खेत खनियो (पृ.२०८), यातायात बनाए (पृ.२२२) आदि । विश्लेष्य उपन्यासमा रहेका नामसँग सम्बन्धित क्रिया पदावलीका केही उदाहरण हुन् ।

उपर्युक्त सबै पदावलीमा प्रयोग भएका शब्दबिच आपसी सहकार्य या सहप्रयोगको सम्बन्ध छ । सहप्रयोगका दृष्टिले उक्त उपन्यासमा रहेका पदावलीको स्वाभाविक उपयोग भएको देखिन्छ । विश्लेष्य उपन्यासमा रहेका कतिपय शब्दबिच सामान्य सहप्रयोगको स्थिति छ भने कतिपय शब्द विशिष्ट सहप्रयोगमा प्रयुक्त भई सार्थक बनेका छन् । सामान्य सहप्रयोगमा उपयोग भएका शब्द वैकल्पिक प्रयोगमा पनि उपस्थित हुन सक्छन् तर विशिष्ट सहप्रयोगमा रहेका शब्दको खास सम्बन्ध हुन्छ । एउटा सहप्रयोगमा आएको पदावलीमा रहेको विशिष्टता सबै पदावलीमा रहेकै हुन्छ भन्न सकिँदैन । भाषाविशेषमा हुने खास गुण पनि यही नै हो । कुनै शब्द सहप्रयोगमा सहजै आउँछ भने कुनै शब्द प्रयोगमा आउँदैन । फेरि एउटा आउन हुने र अर्को आउन किन नहुने भन्ने गणितीय तर्क भाषामा लागु हुँदैन । यो पनि भाषाको अर्को सुन्दर तथा मौलिक वैशिष्ट्य हो । सहप्रयोगमा देखिने यस्तो खास गुण नै सन्निधानात्मक गुण हो । जस्तै, नाम + क्रियाको सहछनोटबाट निर्मित 'खुट्टा टेक्यो' पदावलीमा खुट्टाको ठाँउमा 'खुट्टा'कै पर्यायवाची 'गोडा' वा 'पाद' शब्द प्रयोग गर्न सकिँदैन । त्यस्तै, 'खुट्टा फाट्' नभनेर 'गोडा फाट् भनिन्छ । तात्पर्य यो हो कि कुनै खास शब्दको सान्निध्य अर्को खास शब्द मात्र प्रयोगमा आउन सक्छ, त्यसका सट्टामा अर्को कुनै शब्दै प्रयोगयोग्य मानिँदैन

भलै उक्त शब्द पर्यायवाची नै किन नहोस् । त्यस्तै, 'आँखा रसाए' भन्ने पदावलीमा प्रयुक्त 'आँखाका सट्टामा 'नेत्र', 'चक्षु', 'नयन' आदि 'आँखा'कै पर्यायवाची शब्द नै पनि राख्न सकिँदैन वा त्यस सन्दर्भमा सहप्रयोगमा आउन सक्दैन । यस्ता खास सम्बन्ध भएका सहप्रयोगयुक्त शब्दको प्रयोगले प्रस्तुत उपन्यास स्वाभाविक एवम् मौलिक बनेको छ ।

**(ख) विशेषण + क्रिया :** विश्लेष्य उपन्यासमा विशेषणसँगको सार्थक एवम् प्रभावकारी सहप्रयोगमा रहेका क्रियाका पदावलीको सङ्ख्या पनि अधिक छ । केही उदाहरणहरू, गाढा भएको थियो, अग्लो भएको थियो (पृ.१२), रातो बन्यो, आनन्दित बनायो (पृ.१७), ताजा देखिन्थे (पृ.१९), कठोर रहेछ, आतङ्कित भयो, तिखो बन्दै गयो (पृ.२१), राम्रो हुन्न (पृ.२२), दिक्क भयो (पृ.२३), अग्लो भयो (पृ.२५), अभाव हुन्थ्यो (पृ.३०), उपयोगी होला, स्वच्छ देखियो (पृ.३२), मौन थियो (पृ.३७), नगन्य थियो (पृ.४०), भावविभोर हुन्थ्यो, बुढो देखिन्थ्यो (पृ.४२), गहिरो भयो (पृ.४६), बढी खुल्थ्यो (पृ.४७), सानो हुन्छ (पृ.४९), निरर्थक थियो, कमजोर थियो (पृ.५५), गम्भीर थिए (पृ.५७), सुन्दर देखिए (पृ.६१), अयोग्य छु (पृ.६६), चिसो बढाउँथ्यो, सक्रिय देखिन्थे (पृ.६८), सुनसान थियो (पृ.७२), अस्वाभाविक थिएन (पृ.७६), खिन्न देखियो (पृ.७७), उकालो लाग्थ्यो (पृ.७८), धेरै गर्थे, उपयोगी भयो (पृ.७९), प्रख्यात थियो (पृ.८०), सिपालु मानिन्थ्यो, कडा थियो (पृ.८३), बलिया देखिन्थ्ये, एक्लो भयो (पृ.८४), ठन्डा भयो, पाको देखिन्थ्यो (पृ.८६), भावुक भयो, नयाँ थिएन (पृ.८९), रसिला देखिए (पृ.९२), पहेँलो भयो (पृ.९५), ताजा भए (पृ.१२१), सिपालु मानिन्थ्यो, आनन्द लिन्थे (पृ.१२५), सुन्दर थियो (पृ.१२९), बलियो पाऱ्यो (पृ.१३३), अग्लो थियो (पृ.१४१), ताजा देखिन्थ्यो (पृ.१४३), कलिलो देखिन्थ्यो (पृ.१५०), कुरूप देखियो (पृ.१५७), रातो थियो (पृ.१६२), अग्ला भएनन् (पृ.१६७), धेरै डराए (पृ.१७०), पुड्को थियो (पृ.१७७), मधुरो सुनिन्थ्यो (पृ.१७९), चलाख छ (पृ.१८१), गम्भीर बन्दै गऱ्यो (पृ.२०८), पातलो भयो (पृ.२१०), चोटिलो थियो (पृ.२१४), उराठ देखियो (पृ.२२३) आदि ।

प्रस्तुत उपन्यासमा सहप्रयोगका रूपमा उपयोग भएका विशेषणसँग सम्बद्ध क्रिया पदावलीहरू साहचर्यात्मक पदावलीका केही नमुना हुन् । ताजा देखिन्थ्ये, हलुको भयो, सिपालु मानिन्थ्यो, सुन्दर देखिए पदावलीहरू विशेषण + क्रियासँगको सहछनोटबाट बनेका पदावलीहरू हुन् । यस उपन्यासमा विशेषण क्रियाको सहप्रयोगका पदावलीहरू सन्निधानात्मक दृष्टिले उपयुक्त देखिन्छन् ।

**(ग) क्रियाविशेषण + क्रिया :** विश्लेष्य उपन्यासमा क्रियाविशेषणसँगको सहप्रयोगमा आएका क्रियाका पदावलीले भाषाशैलीलाई प्रभावशाली बनाएका छन् । यस्ता पदावलीका केही उदाहरणहरू मुसुक्क हाँस्यो (पृ.५), लपक्क टाँसिएका थिए (पृ.१५), अगाडि रहन्थ्यो (पृ.२५), खङ्ग्रङ्ग भयो (पृ.३४), मन्दमन्द हाँसिरहृयो (पृ.३७), मुसुमुसु हाँस्दै (पृ.३९), थचक्क बस्यो (पृ.४९), फटाफट लम्किए (पृ.५९), उकुसमुकुस बढ्न थाल्यो (पृ.६०), झिलिमिलि देखियो, सुँक्कसुँक्क गऱ्यो (पृ.६८), घुँक्कघुँक्क रोयो (पृ.७१), फटाफट सुनाएको थियो, भुनभुनाएर उडिरहेका थिए (पृ.८०), टुक्रुक्क बस्यो (पृ.८६), एकटक हेरिरह्यो (पृ.८९), खसखस बढ्यो (पृ.१००), झिलिक्क बल्यो (पृ.१०५), गनगन गरिरहन्थ्यो (पृ.११३), निथ्रुक्क भिजी, चुर्लुम्मै डुबे (पृ.११८), फतफताउन थाली (पृ.१२६), डिच्चडिच्च हाँसिरह्यो, धुरुधुरु रोहिरहन्थी (पृ.१२७), धपक्कै बल्यो (पृ.१३९), झिलिल्क बल्यो, सरसरी पढ्यो (पृ.१४३), चसक्क छोयो (पृ.१४७), जगजगी घुम्यो (पृ.१७३), झल्झल्ती आए (पृ.१७४), फनफनी घुम्यो (पृ.१८६), बुरुक्क उफ्रियो (पृ.१९४), थुपुक्क बस्यो (पृ.१९५), बेस्सरी हाँसे (पृ.२०७) आदि ।

प्रस्तुत उपन्यासमा क्रियाविशेषण र क्रियाको सहप्रयोगबाट बनेका क्रिया पदावलीहरू प्रयोग सान्दर्भिक र सार्थक छ। यस्ता साहचर्यात्मक पदावलीहरूको सहप्रयोगले उपन्यासको भाषिक पक्षलाई सशक्त बनाएको देखिन्छ। यस उपन्यासमा क्रियाविशेषण + क्रियासँग सहप्रयोगमा आएका मुसुमुसु हाँस्नु, टुक्रुक्क बस्नु जस्ता पदावलीहरू साहचर्यात्मक प्रयोगका दृष्टिले अत्यन्तै उपयुक्त छन्। जस्तै, बुरुक्क क्रियाविशेषणको साथमा उफ्रिनु क्रियाको सहप्रयोग देखिन्छ र यो सन्निधानात्मक प्रयोगका दृष्टिले उपयुक्त मानिन्छ र उक्त क्रियाविशेषण बुरुक्क शब्दसँग बस्नु क्रिया आएको भए सन्निधानात्मक दृष्टिले उक्त पदावली उपयुक्त हुने थिएन। त्यस्तै, धुरुधुरु रुनु, क्रियाविशेषण + क्रिया पदावलीको छनोट पनि उपयुक्त छ। यस्ता सहप्रयोगका कारणले नै भाषिक सौन्दर्य स्थापित हुन्छ भने सार्थक प्रस्तुति पनि बन्छ। शब्द शब्दबिचको विशेष सहप्रयोग भाषाको विशेषता पनि हो।

## निष्कर्ष

विश्लेष्य उपन्यासमा प्रयुक्त क्रियासँग सम्बन्धित साहचर्यात्मक पदावलीहरूमा नाम + क्रियाको सहप्रयोगबाट बनेका पदावलीहरूको सङ्ख्या धेरै छ। यस्ता पदावलीहरू प्रायः सामान्य प्रयोग प्रचलनमा आधारित सरल र सार्थक बनेका छन्। विशेषण + क्रिया र क्रियाविशेषण + क्रियासँग सहप्रयोगमा आएका साहचर्यात्मक पदावलीहरूले गर्दा उपन्यासको भाषिक पक्ष सशक्त र प्रभावकारी देखिन्छ। उपर्युक्त तीन किसिमकै साहचर्यात्मक पदावलीका सहप्रयोगबाट उपन्यासका पाठकलाई आह्लादकता प्राप्त भएको छ। साथै प्रस्तुतिलाई जीवन्त तुल्याउनसमेत साहचर्यात्मक पदावलीले उच्च भूमिका निर्वाह गरेका छन्। यस्ता पदावलीहरूको छनोट उपयुक्त, स्वाभाविक र सार्थक रहेका छन्।

## सन्दर्भ सामग्री

खनाल, पेशल (२०७०), *अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन।

खनाल, राजेन्द्र (२०६९), 'सहयात्री' उपन्यासको सन्निधानात्मक पठन, *सम्प्रेषण* (७१), १८६-१८९।

ढकाल, नारायण (२०६५), *प्रेतकल्प,* काठमाडौं : साझा प्रकाशन।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि, न्यौपाने, दीपक र घिमिरे, तुल्सीराम (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : सनलाइट पब्लिकेसन।

बन्धु, चूडामणि (२०५५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार।

बन्धु, चूडामणि (२०५७), *भाषाविज्ञानका सम्प्रदाय,* काठमाडौं : एकता बुक्स।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* काठमाडौँ : न्यु हिरा बुक्स।

Firth, J. R. (1957). *Papers in linguistics.* Oxford University Press.

Firth, J. R. (1979). *Connects of situation theory.* Oxford University Press.

Richards, J.C., Platt. J. & Platt, H. (1999). *Longman Dictionary of Language Teaching and Applied Linguistics,* Longman.

Wells, K. (2001). *A dictionary of stylistics.* Pearson Education.